# शब्दशिविर निबन्ध सङ्ग्रहको संयुक्तिगत अर्थ विश्लेषण

**दीपकप्रसाद ढकाल**
**उपप्राध्यापक, नेपाली केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर**
Email : deepakdhakal973@gmail.com

**लेखसार**

प्रस्तुत लेख *शब्दशिविर* निबन्ध सङ्ग्रहको संयुक्तिगत अर्थ विश्लेषणमा आधारित छ । *शब्दशिविर* निबन्धकार मुकुन्दराज शर्माको सद्य प्रकाशित कृति हो । संयुक्तिगत अर्थ भनेको कुनै पाठले अमूर्त तहमा ग्रहण गरेको आर्थी धारणा तथा त्यसको औचित्यगत तार्किकता हो । कुनै पाठ (प्रकाशित भाषिक सङ्केत व्यवस्थाको संरचनात्मक स्वरूप) अमूर्त तहमा रहेका आर्थी अवधारणाको अन्वयात्मक पास्परिकता हो । यस निबन्ध सङ्ग्रहमा त्यस्तो पारस्परिकता कस्तो छ भन्ने समस्या नै प्रस्तुत लेखको अनुसन्धानात्मक पक्ष हो । प्रस्तुत लेख गुणात्मक पद्धतिमा तयार गरिएको छ । निबन्धका अंशलाई सोद्देश्य रूपले चयन गरी तिनको विश्लेषण आर्थी अनुभूति वा संज्ञानमा आधारित भएर गरिएको छ । प्रारम्भमा संयुक्ति व्यवस्थाका सूचकको सैद्धान्तिक अवधारणा प्रस्तुत गरी पाठका सन्दर्भलाई साक्ष्य मानी विश्लेषण गरिएकाले निगमनात्मकबाट आगमनात्मक विश्लेषण विधि प्रयोग भएको छ । पुस्तकालयबाट प्राप्त सामग्रीको प्रयोग गरी प्रस्तुत लेख तयार गरिएकाले प्राथमिक तथा द्वितीयक दुवै सामग्री पुस्तकालयमा आधारित छन् । विश्लेणबाट शब्दशिविर निबन्ध सङ्ग्रहका पाठ संयुक्ति व्यवस्थाका दृष्टिले सघन छन्, स्थितिगत मान र त्यस्ता स्थितिगत मानको सघनतासमेत व्यवस्था गरेर निबन्ध विधाका पाठ संरचित भएका छन् भन्ने निष्कर्ष प्राप्त भएको छ ।

*शब्दकुञ्जी:* अर्थतात्त्विक सघनता, माध्यम विधा, सङ्केतात्मक सघनता, सहभागी

लेखसम्बन्धी विवरण : लेख प्राप्त मिति : २०८०/१२/१२, लेख पुनरावलोकन मिति : २०८१/०२/१३, लेख स्वीकृत मिति : २०८०/०२/२६ । प्रकाशक : नेपाली विभाग, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर । जर्नलको होमपेज : https://www.nepjol.info/index.php/vaikharivani/index
DOI: https://doi.org/10.3126/vaikharivani.v1i2.69851

## विषयपरिचय

शब्दशिविर (२०७९) निबन्ध सङ्ग्रह निबन्धकार मुकुन्दराज शर्माको नवीनतम कृति हो । कुल पच्चीस वटा निबन्धहरू सङ्गृहीत यस कृतिमा शर्माले आफू बाँचेको परिवेश, दिक् र तज्जन्य प्रभावलाई शैलीगत नवीनतासमेत प्रयोग गरेर प्रस्तुत गरेका छन् । पात्रका बीचको कथनोपकथन तथा घटनाको आनुक्रमिकताभित्र पनि विचारको सघनता प्रस्तुत गरी निबन्धको बान्की तयार गर्नु यिनको सृजनात्मक मौलिकपन देखिन्छ । निबन्ध गद्य संरचनामा तयार गरिएको विचारप्रधान पाठ हो । त्यसैले यस्तो पाठमा विचारको सघनता तथा त्यसको अन्तर्यमा रहेको समाज सन्दर्भ (अर्थ, राजनीति, संस्कृति, पर्यावरण, सनातन रुढि, मानसिकता आदि) को प्रतिबिम्ब खिचिएको हुन्छ । प्रस्तुत लेखमा निबन्धलाई पाठ संरचनाका रूपमा लिएर अर्थ (समाज सन्दर्भ) को निवेषण कसरी तयार गरिएको हुन्छ भन्ने बारे

सैद्धान्तिक सूचक प्रस्तुत गरिएको छ । यस्ता सूचकका सापेक्षतामा निबन्धकार मुकुन्दराज शर्माका निबन्धमा अर्थको निवेषणले प्राप्त गरेको स्थान तथा मूल्यको पनि विश्लेषण गरिएको छ । यस निबन्ध सङ्ग्रहका बारेमा सामान्य पाठकीय प्रतिक्रिया प्रकाशनमा आएको पाइए तापति पाठको आर्थी संरचना तथा तिनका घटकका कोणबाट अध्ययन भएको छैन । अध्ययनको यही रिक्त परिपूर्ति गर्नका निम्ति सहयोगी हुने अपेक्षाले प्रस्तुत लेख तयार गरिएको हो ।

भाषिक तथा गैरभाषिक सङ्केत जसले सम्प्रेषणका सिलसिलामा समाज सन्दर्भका विभिन्न अर्थलाई सन्दर्भित गर्दछ भने त्यसलाई पाठ भनिन्छ । अर्थ सम्प्रेषणका आधारभूत पक्षबाट पाठलाई अर्थ्याइन्छ । अर्थ सम्प्रेषण हुने भएकाले पाठको प्रयोजन पनि मानव समाज वा समुदाय सम्बद्ध विषय हुनु हो । पाठलाई पनि भाषिक तथा गैरभाषिक रूपले विभाजन गरिन्छ । रेखाचित्र, आकृति, रङको विविध ढाँचामा गरिएका संयोजन, ध्वनिका तरङ्गद्वारा सृजित विविध आरोह तथा अवरोहलाई पनि पाठका रूपमा लिइन्छ किनभने यिनमा पनि समाज र समुदायको साझा विश्वास तथा व्यवहारलाई सन्दर्भतामा प्रस्तुत गरिएको हुन्छ । प्रस्तुत विश्लेषणात्मक लेखमा पाठको आशय भाषिक सङ्केत व्यवस्था तथा त्यस्ता सङ्केतले सन्दर्भित गरेका मानवीय व्यवहार तथा विश्वाससरूपी साझा संस्था हो । भाषिक सङ्केत केवल सङ्केत विज्ञानको विषय मात्र नभई मानविकी वा समाज तथा संस्कृतिको विषय हो । त्यसैले पाठीय संयुक्ति भनेको मानविकीका विविध समाज सन्दर्भमा गरिएको गतिशील विचरण हो । यस्तो गतिशीलता मापनको आधार नै सन्दर्भता तथा त्यसका आयाम हुन् । सन्दर्भताअनुसार कोशीय एकाइको चयन, चयनित एकाइको सन्दर्भगत अन्तरसम्बन्धित ढाँचा (interlocking pattern), त्यस्तो सुसम्बद्धताले निर्माण गरेका वाक्य (sentence in combination) हुँदै अनुच्छेद र प्रकरण सम्मको व्याप्तिबाट पाठको बाह्य संरचना तयार गरिएको हुन्छ तर संयुक्तिगत अर्थ भनेको सन्दर्भताको अमूर्तमानलाई दिइएको एकीकृत सङ्गठनात्मक व्यवस्था हो । त्यसैले भाषिक पाठ मूर्त र भौतिक प्रकृतिको अभिकल्पना हो भने संयुक्तिगत अर्थ भनेको अमूर्त तर सम्प्रेषणमा प्रयोग गरिएको मानवीय अनुभव एवं व्यवहारको साझा तह हो । यस्तो साझा तह भाषिक समाज र समुदायमा संस्थागत रूपले रहेको हुन्छ ।

भाषिक पाठको संयुक्तिगत पक्ष र त्यसको स्थापित मान नै यसको सैद्धान्तिक कोण हो । सन्दर्भताको गतिशील अवस्था भाषिक पाठमा कसरी आएको हुन्छ भन्ने बारेमा मानवशास्त्रीय अध्ययन आधारभूत रूपमा हुन्छ । भाषा मानवीय व्यवहार भएकाले पछि मात्र यसको वैज्ञानिक अध्ययन पद्धति तथा विश्लेषणको स्वरूप बारे विमर्श भएको हो । मानवशास्त्रीय मेलिनोब्स्की (सन् १९२३), बेलायती भाषावैज्ञानिक फर्थ (सन् १९५७), ह्यालिडे तथा हसन (सन् १९९१), भेन डिक (सन् १९९७), स्टेफन लेभिन्सन र रोबर्ट लाङ्गेकर (सन् १९७८), जस्ता पाठभाषा वैज्ञानिक यसका अग्रणी अध्येता हुन् । नेपाली पाठभाषाविज्ञानमा चूडामणि बन्धु (२०७३), वासुदेव घिमिरे (२०६९), भुवन न्यौपाने (२०७९) लगायतका अध्येता यसतर्फ सक्रिय देखिन्छन् ।

### ***अध्ययनको विधि***

प्रस्तुत लेखको शीर्षक सोद्देश्य रूपले चयन गरिएको हो । यस लेखको सामग्री पुस्तकालय कार्यमा आधारित भई प्रयोग गरिएको छ । शोध्य विषयको क्षेत्रका रूपमा चयन गरिएको शब्दशिविर निबन्ध सङ्ग्रहका रचनालाई उद्देश्यपरक भई नमुना छनोट गरी विश्लेषणमा प्रयोग गरिएको छ । यसरी विश्लेषण गर्ने सिलसिलामा निबन्ध रचनालाई

पाठ (भाषिक सङ्केत व्यवस्था) मानी त्यसको आर्थी अवधारणामा केन्द्रित गरिएको छ । विश्लेषणलाई वैध तथा विश्वसनीय बनाउने हेतुले सैद्धान्तिक ढाँचा (विश्लेषण ढाँचा) आरम्भमा प्रस्तुत गरी उक्त ढाँचाबाट प्राप्त सूचकका केन्द्रीयतामा पाठका संरचक अवयव तथा तिनले बाह्य तहमा उत्पन्न गरेको आर्थी प्रतिफन विश्लेषण गरिएको छ । यसैले यस अध्ययनमा आरम्भमा निगमनात्मक तथा सत्यापनका तहमा पुग्न आगमनात्मक विधि प्रयोग गरिएको छ । त्यसैले प्रस्तुत अध्ययनमा गुणात्मक विधि प्रयोग भएको छ । विश्लेषणको ढाँचा निर्माणका निम्ति एम.ए.के ह्यालिडे र रुकैया हसन (सन् १९९१) को ल्याङ्ग्वेज, कन्टेक्स्ट एन्ड टेक्स्ट : एन आस्पेक्ट अफ सोसियो सेमियोटिक प्रस्पेक्टिभमा प्रस्तुत सैद्धान्तिक आधारलाई मुख्य रूपले प्रयोग गरिएको छ ।


**पाठको संयुक्ति व्यवस्था**

भाषिक सङ्केत तथा तिनको अन्वयात्मक सम्बन्धद्वारा संरचित पाठमा अर्थको निवेषण कसरी हुन्छ भन्ने विषय पाठको संयुक्ति हो । कुनै कोशीय एकाइ निरपेक्ष सार्थक हुन्छ वा त्यसले अन्य एकाइ सँगको पारस्परिकता माग गरेको हुन्छ भन्ने कोणबाट पाठीय संयुक्ति अध्ययन गरिन्छ । कोशीय एकाइको निरपेक्ष अर्थ सामथ्र्य वा सापेक्ष अर्थ सामथ्र्यका विषयमा भाषिक अर्थ चिन्तकका बीचमा बहस छ । "पाठमा अभिहित पदहरूका अभिहित पदार्थहरूको अन्वयबाट वाक्यको अर्थ गर्नु नै अभिहितान्वय हो" (अधिकारी, २०७१, पृ.७९) भनी एकाइको सापेक्षतालाई अर्थ निवेषणको आधार मानिएको छ । अर्थात् कुनै एकाइ अन्वयात्मक निकटतामा रहेका अन्य एकाइको सापेक्षित अस्तित्व हो । यसमा पाठीय अर्थ संरचना कोशीय एकाइको पारस्परिकतामा खोजिने विषय हो भन्ने मतलाई बलियो बनाइएको छ । "पाठीय अर्थ संरचनामा कोशीय एकाइ अन्य पद सापेक्ष नभई प्रयुक्त भएको वाक्य सापेक्ष हुन्छ । त्यसैले अपूर्ण बाक्यबाट पनि सम्भावित अर्थको पूर्वानुमान सम्भव हुन्छ" (बन्धु, २०७०, पृ.२६) ले पदको स्वायत्ततामा प्रश्न गरेको छ । अर्थ चिन्तनको पूर्वीय मतजस्तै पाश्चात्य मानवशास्त्री तथा समाजशास्त्रीका बीचमा पनि कुनै पाठको अर्थ सृजनाको आधार के हो भन्ने विमर्श छ । पाठमा अर्थको निवेषण वा पाठबाट प्राप्त हुने अर्थ पाश्चात्य भाषाविज्ञानमा मानवशास्त्रीय अध्ययनको पृष्ठभूमिबाट विकसित अवधारणा हो । भाषिक सङ्केत व्यवस्थामा अर्थको सृजना अनुवादका सन्दर्भमा देखिएका समस्या समाधान हेतु प्राप्त भएको अध्ययन क्षेत्र हो (ह्यालिडे र हसन, सन् १९९१, पृ.६) । क्यारिबियन क्षेत्रका समुदायले माछा मार्ने व्यवसाय सञ्चालनका सिलसिलमा गरेका गतिविधि तथा भोगेका समस्यालाई अङ्ग्रेजीमा अनुवाद गर्ने क्रमममा देखा परेका समस्या समाधान खोज्दा पाठीय संयुक्ति व्यवस्थाको आरम्भिक अवधारणा आरम्भ भएको हो । "पाठबाट प्राप्त अर्थ भनेको समग्र परिवेश हो जसमा केवल शाब्दिक परिवेश (verbal environment) मात्र नभई उक्त पाठ अभिव्यक्त (uttered) भएको स्थिति सन्दर्भता (context of situation) को समष्टि हो" (ह्यालिडे र हसन, सन् १९९१, पृ.६) । सन्दर्भ (Context) लाई कुनै खास व्याक्यको पूर्वस्थानिक वाक्य तथा पद र परस्थानिक वाक्य तथा पदका बीचको सम्बन्ध भनी साविकमा विश्लेषण गरिएको अवस्थामा मेलिनोब्स्कीले सन्दर्भ भनेको भाषिक सन्दर्भ तथा गैरभाषिक (सामाजिक तथा सांस्कृतिक) सन्दर्भको समष्टि भन्ने मानवशास्त्रीय कोणबाट पाठको संयुक्ति व्यवस्था विश्लेषण गरे ।

भाषा मानवीय सञ्चारको प्रक्रिया भएकाले पाठको संयुक्तिगत अर्थ पनि सामाजिक तथा सांस्कृतिक अमूर्त विश्वासको साझा रूपमा आधारित हुन्छ । भाषा समाजको मौलिक सृजना भएकाले यसको प्रयोग पनि समाजमा नै हुन्छ । त्यसैले भाषा र समाजका बीचमा निर्विकल्प सम्बन्ध रहेको हुन्छ । कुनै पाठले सन्दर्भित गरेको समाज सन्दर्भ तथा त्यसका संरचनात्मक घटकमा संस्कृति, अर्थ र स्थिति सन्दर्भको त्रिकोणात्मक अन्वय रहेको हुन्छ । अर्थात् पाठले वहन गरेको आर्थी अमूर्त पक्ष संस्कृति, स्थिति सन्दर्भ तथा अर्थको पारस्परिकताको परिणाम हो । संयुक्ति व्यवस्थाका आधारभूत पक्षलाई आरेखमा यसप्रकार प्रस्तुत गरिएको छ :

**संस्कृति, अर्थ र स्थिति**

**(Culture, meaning and situation)**




(ह्यालिडे र हसन, सन् १९९१, पृ.१००)

माथिको आरेखमा संस्कृति (सन्दर्भता) का घटकलाई पारस्परिक सम्बद्धताका आधारमा प्रस्तुत गरिएको छ । आरेखमा कुनै पनि भाषिक पाठमा सङ्केतको सघनता, अर्थगत सघनता तथा विशिष्ट विधागत सघनता निर्माणका निम्ति कोशीय एकाइको चयनको व्यवस्था प्रस्तुत गरिएको छ । यी सबै घटकीय मानका पारस्परिकताबाट नै कुनै पनि भाषिक पाठको संयुक्तिगत अर्थको अमूर्त मान भाषिक प्रतीकका आधारमा मूर्तीकृत भएको हुन्छ । अर्थात् अवधारणालाई सङ्केतले पाठीय स्वरूप दिएको हुन्छ । यसको विश्लेषण यस प्रकार गरिएको छ :

**सङ्केतात्मक सघनता**

भाषिक पाठ सङ्केत व्यवस्थाको संरचनात्मक स्वरूप हो । भाषामा यादृच्छिक वाक् प्रतीक सङ्केतका रूपमा रहेका हुन्छन् । त्यस्ता सङ्केतले पारस्परिक आर्थी गुणलाई सम्बद्ध गरेको अवस्था सङ्केतात्मक सघनता हो । अर्थात् कुनै पनि पाठको पहिलो वाक्यमा प्रयुक्त कोशीय एकाइमा निर्दिष्ट गरिएको गुणलाई अन्य सङ्केतमा अन्वयात्मक गरी आनुक्रतमिकता व्यवस्थित गरिएको हुन्छ । सङ्केतहरू कस्ता प्रयोग गर्ने, किन त्यस्ता सङ्केत प्रयोग गर्ने, प्रयुक्त सङ्केतका बीचको पारस्परिकतालाई केले निर्दिष्ट गर्ने भन्ने विषय आरम्भमा आएको नयाँ सूचनाको

विशेषाधिकार हो । यस्तो शाब्दिक परिवेश (खभचदब िभलखष्चयलmभलत) पाठको बाह्य तहमा मूर्त हुन्छ (ह्यालिडे र हसन, सन् १९९१, पृ.६) । पाठमा खास किसिमका कोशीय एकाइ किन छन् वा त्यस्ता कोशीय एकाइलाई प्राथमिकतामा किन राखिएको छ भन्ने पक्ष प्रस्ट भएन भने भाषिक पाठको सन्दर्भता प्राप्त नहुने र अनुभवको सम्प्रेषण नहुने अवस्था हुन्छ । त्यसैले खास प्रकारका कोशीय एकाइको निर्दिष्टता "त्यो पाठ कस्तो स्थितिगत मानमा उच्चार भएको छ" (ह्यालिडे र हसन, सन् १९९१, पृ.६) भन्ने कोणको पुष्टीकरण हो । यसैलाई ह्यालिडे र हसन (सन् १९९१) ले महत्त्वपूर्ण स्थितिगत मान (significnt situational values) का रूपमा सैद्धान्तिक स्वरूप दिएका हुन् । जस्तै : माथिको आरेखमा सङ्केतात्मक सघनता र स्थितिगत मान समान तहमा तथा पास्परिकताका प्रयोजनमा प्रस्तुत भएका छन् । स्थितिगत मानमा खास भाषिक सङ्केत अपेक्षा गर्ने तथा खास सङ्केतले समस्तरका वा स्थितिगत समगुणको प्रकटनको योग्यता भएको कोशीय एकाइको अपेक्षा गर्ने सैद्धान्तिक मान प्रस्तुत गरिएको छ । "कोशीय एकाइले सङ्केतात्मक सघनताका आधारमा निकटस्थ परिवेश (immidiate environment) सृजना गर्छ तर कुनै एकाइले कुनै निकटस्थ दृश्य, ध्वनि मात्र बुझाएर पुग्दैन । यसका अतिरिक्त सांस्कृतिक इतिवृत्त, सहभागी र त्यस सहभागीका पछाडिको अर्थ जुन व्यावहारिक वा सनातन छ भन्ने पनि खोजिन्छ" (ह्यालिडे र हसन, सन् १९९१, पृ.६) । पाठ समाज निरपेक्ष व्यवस्था होइन किनभने "...भाषाका माध्यमद्वारा हामी मान्छेका क्रियाकलापलाई समाजमा हेर्छौं" (बन्धु, २०७० पृ.१२३) । समाजमा हेरिने यस्तो स्थितिगत विशिष्टता नै सङ्केतात्मक सघनतामा अमूर्त रूपले निबद्ध भएको स्थितिगत मान हो । यस्तो स्थितिगत मानले सङ्केत बिना मानस तहमा बिम्बात्मक स्वरूप पनि प्राप्त गर्न सक्तैनन् । त्यसैले स्थितिगत मानलाई दृश्यात्मक स्वरूप दिन, सङ्केतका आधारमा मापनीय बनाउन, सङ्केत व्यवस्थाको संरचनात्मक स्वरूप दिन सङ्केतात्मक सघनता अनिवर्य हुन्छ ।

**नमुना पाठ १**

जेटल्यागको नौटङ्की । थचक्क भुइँमा पलेटी मारेर बस्यो अनि भए भरका मित्रलाई ट्रिङ ट्रिङ ट्रिङ । त्यहाँको जीवनमा पनि मुटुभन्दा धेरै घडी धड्किँदो रहेछ । यन्त्र मानवझैं सबै मित्रहरू । यस्तैमा एकजना मित्रलाई फोन लगाएँ । नेपाल छँदा कहलिएकै मित्र हुन् यता आइ के बने थाहा छैन । देश फेरिने बित्तिकै मान्छेका पेसा, रहनसहन, परिचय, हैसियत सबै फेरिने रहेछ । कुरा गर्दै जाँदा मित्रले फ्याट्ट सोधे–"सर केमा आउनुभयो ? तेल भिसा कि टोपी भिसामा ?" म त छक्कै । यो भिसा पनि कति प्रकारको हुँदो रहेछ हँ ? आफू भने पाँच वर्षे मल्टिपल भिसामा आएको भनेर कत्रो फुर्ति । कत्रो होसियारी अपनाएर भिसा फारमदेखि अन्य कागजात बनाइयो । एक दुई जना अमेरिकी विज्ञहरूको सल्लाह बामेजिम कति थरी प्रमाण जुटाइयो, यो देखाउन कि म यता चानचुने मान्छे होइन, तिम्रो देशमा लुकेर बस्ने खालको, फर्किहाल्छु । अन्तर्वार्ताका दिन कन्सल्टेन्सीमा एक जना मित्र नयाँ सुटमा ठाँटिएर मोटामोटा कागजातका फाइलहरू बोकेर ठुलै व्यापारीको अभिनय गरिरहेका थिए, कन्सल्टेन्सीका विज्ञले उनको भिसा लाग्नेमा ग्यारेन्टीको छाप ठोकिरहेका थिए । म त सुट पनि नलगाएको मनमा चिसो पस्यो, पत्याउन्न कि क्या हो ? श्रीमतीले मलाई हेरिन् । मैले कुरा बुझें । उनी म जति ठुला हवाईजहाज चढेर अर्काको देश घुमेकी छैनन् । दुईतीन वाटा मात्रै । अब च्याट्ट परेर जाउँला भनेको पानी नपाएर ओइलाएको गमलाको फूल जस्तो बनाइन अनुहार । (पृ.३३)

**नमुना पाठ २**

म सिरानीको छेवैमा सधैं एउटा चहकिलो बल्ने टर्च लाइट राख्ने गर्छु, सन्तरीले झैं । खै के बानी पर्यो कुन्नी बिना टर्चलाइट आत्मविश्वासका साथ निदाउनै सक्तिनँ । सानो छँदा तराइमा यस्तो बानी परेछ । सर्पदंशको बिगबिगीले नै हो तर टर्चलाइटछ अपर्झटको गतिलो साथी हो, विनाशकारी भूकम्पले पनि अनुभवी बनायो । मानिसले उज्यालोसँग नै सङ्गत गर्नु पर्ने रहेछ अन्धकारले तपाईंसँग निसाफ नगर्न पनि सक्छ । अन्धकार भित्र तमगुणहरू लुकेका हुन्छन्, अन्धकारमै सल्बलाउँछन् । अँध्यारो ब्वाँसा जातिहरूको प्रहर हो । उज्यालोले गन्तव्य दिन्छ । अँध्यारोले नैराश्यता र भ्रान्ति । (पृ.५३)

**नमुना पाठ ३**

पत्रकार मित्र गोपालकुमार झाले सामाजिक सञ्जालमा माइतीघर मण्डलामा धर्नामा बसका उखु किसानका पीडालाई इङ्गिगत गर्दै लेख्नुभयो–“यो गरिवी पनि गजबको अवस्था हुँदो रहेछ । राजनीतिको रोटी सेक्न सजिलो ।” मैले पनि धेरै सोच्तै नसोची कमेन्ट बक्समा फ्याट्ट लेखिदिएँ, “गरिवी झिकिदिने हो भने राजनीति नै गरिव हुन्छ ।” आफ्नै दिमागमा टिनिन्न घण्टी बजे झै भयो, विद्युतीय झड्का वारपार गरे झैं भयो । दिनभर माथिका दुई वाक्यमा मथिङ्गल अल्झिरह्यो ।

वास्तवमा गरिवीले राजनीति मौलाउँछ कि राजनीतिले गरिवी मौलाउँछ ? मलाई छिचोल्न गारो भैरह्यो ।

गरिवी एउटा आशे त्यान्द्रो हो, गरिवले आशा गरिरहन्छ । स्याउलाको बसलेसीबाट झर्ने हरेक थोपामा ऊ इन्द्रेणी बुट्टा बनाउँछ र आँखामा राख्छ । गरिवीको तडप सिस्नुको पोलाइ जस्तै हो–न मिच्ता राहत मिल्छ न पानी खन्याउँदा । (पृ.८८)

**नमुना पाठ ४**

एकछिन हाम्रो गाउँघरतिर जाऔं, जहाँ केही वर्षअघिसम्म यस्ता बोलीचाली सुनिन्थ्यो :

“हाम्रो केटो कता मरेछ ? देख्यौ कि ?” आमाको रिस ।

“ऐया ! खुट्टा कुल्चेर मर्यो । तँलाई साडे ।” भैंसी दुन लाग्दा बुबाको रिस ।

“मरेस मुर्दार !” मनभित्र बाफिएको प्रेमले स्वीकारोक्ति नपाउँदा प्रेमिकाको मुखबाट फुत्त बाहिरिएको रिस । (पृ.१०५)

**नमुना पाठ ५**

म याने कि यस दुनियाँमा जिन्मिएको मान्छे नाउँको प्राणी जो आफूलाई यस जगत्का समस्त प्राणधारीमध्ये चेतनशील र सर्वश्रेष्ठ ठान्दछु, जसका सबै इन्द्रियहरू बराबर रूपमा सक्रिय र क्षमतावान छन्, जसलाई यो पृथ्वी भोगटे झैं गोलो छ भन्ने थाहा छ, जो सम्पूर्ण जीवात्माहरूलाई वशीभूत गरेर चाकरी गराउन सिपालु छ, कठिनतम चाँदीका पर्खाल टेक्ने दोपाया प्राणी, जो बालुवा निचोरेर तिर्खा मेटाउँछ र पसिना बर्साएर सुन फलाउँछ, विज्ञानको पखेटा लगाएर अन्तरिक्ष विचरण गर्छ, समुद्रको पिँध खोतलेर मोती टिप्छ, ‘म’ याने कि मान्छे । (पृ.१४५)

**विमर्श**

माथिको नमुना पाठ १ मा जेटल्याग नामक विदशी भूमि र विशेषतः सहरको नामकरण भएको छ । यसले विदेशसम्मको यात्रा तथा त्यसले सृजना गर्ने स्थितिगत मानको प्रतिबिम्बन अपेक्षा गरेको छ । जेटल्याग पुगिसकेको अवस्था भएका कारण पूर्वदीप्तिका अनुभव नै स्थितिगत मानमा प्रस्तुत हुने अवस्था विश्वसनीय र व्यवहारिक बनेको छ

। परिचय, रहनसहन, हैसियत, भूमिका स्थितिगत मान बनेर आएका छन् । यी स्थितिगत मानले मानिसलाई उसका चिनारीका पृथक्ता दिएको छ वा मानिसमा पृथक्ता सृजना गरेको छ । यसैले 'तेल भिसा', 'टोपी भिसा' 'तपाई केमा ?' कोशीय एकाइ आएका छन् । कुनै विदेशी समाजमा पुगेपछि त्यहाँ पुग्ने प्रक्रिया तथा त्यसका कानुनी विधि सम्बद्ध स्थितिगत मान कोशीय एकाइले खिच्नु पर्ने भएकाले यी एकाइ आएका हुन् । यिनले कोशीय एकाइको परिवेश सृजना गरेका छन् भने विदेश पुगेपछि नेपालीले दैनन्दिन जीवनमा अनुभव गरेका साँस्कृतिक सन्दर्भ प्रस्तुत गरेका छन् । त्यसैगरी नमुना पाठ २ मा 'चहकिलो बल्ने टर्चलाइट' ले पहिलो वाक्यमा नै कोशीय परिवेशको आधार तय गरेको छ । टर्चलाइट राख्ने स्थितिगत मानका पृथक्पृथक् सन्दर्भ खिचिएर आएका छन् । कोशीय एकाइ 'टर्चलाइट' कै केन्द्रीयतामा अन्य सङ्केतका सघनता खिचिएर आएका छन् । बाल्यकालमा तराईमा हुने सर्पदंश, निकै पछिको समय अन्तरालको भूकम्प फरकफरक स्थितिगत मानमा टर्चलाइको उज्यालो प्रयोग गरिएको स्थितिगत मान छ तर उज्यालोको सङ्गत गरेमा धोका हुँदैन भन्ने स्थितिगत मान कोशीय सघनताको निरन्तरताको हेतु प्रयोग भए तापनि स्थितिगत मानमा फरक बन्न पुगेको छ । त्यसैले 'टर्चलाइट' कोशीय सघनताको नाभिकीय रूप हो तर स्थितिगत मानमा अन्तर सृजना गर्ने हेतुले अन्य कोशीय एकाइ आएका छन् । त्यसैगरी नमुना पाठ ३ 'गरिवी' कोशीय सङ्केतको सघनता सृजना गर्ने नाभिकीय एकाइ हो । गोपालकुमार झाले बनाएको समाचारमा गरिवी राजनीतिको रोटी सेक्ने माध्यम बनेको छ तर वाचकले राजनीति र गरिवीका बीच अंशीअंश सम्बन्ध कायम गरेको छ । यसले फरक स्थितिगत मानलाई कोशीय सघनतामा खिचेर प्रस्तुत गरेको छ । दिनभर समाचारको अंशमा थपेको फरक स्थितिगत मान सल्बलाएको छ । 'विद्युतीय झट्का वारपार गरिरहेका' स्थितिगत मानको अमूर्ततालाई मूर्तीकरण गरिएको छ । राजनीति र गरिवका बीचको यही अंशीअंश सम्बन्ध 'आशे त्यान्द्रो', 'बलेसीको थोपामा इन्द्रेणी रङ' भर्ने सूक्ष्मतामा स्थितिगत मान मूर्त बनेर कोशीय एकाइको सन्दर्भलाई उपमानउपमेयको स्थितिगत मानको अमूर्तता खिचेको छ । त्यसैगरी नमुना पाठ ४ मा 'गाउँघर' र 'बोलीचाली' ले पाठमा कोशीय सघनताको नाभिकीय स्थान लिएका छन् । गाउँघरको समाज सन्दर्भ स्थितिगत मान हो । यही मानको केन्द्रीयतामा कोशीय एकाइ तथा तिनका स्थिति सापेक्ष मानगत प्रयोग पाठमा भएको छ । यस सिलसिलामा 'मर्नु' क्रियामूलका रूपावली स्थिति सापेक्ष रूपले प्रस्तुत भएको छ । यसै अनुसार नै 'मरेछ' र 'आमा', 'मर्यो' र 'बुबाले भैंसी दुन लाग्दाको' सन्दर्भ तथा 'मरेस' र 'मनभित्र बाफिएको प्रेमीकाको प्रेमको स्वाकारोक्ति' कोशीय परिवेशलाई सार्थक तुल्याउन प्रयोग भएका छन् । यी सबै कोशीय एकाइको प्रयोगको केन्द्रमा 'गाउँघर' र 'बोलीचाली' नै आएको छ । अर्थात् स्थितिगत मान र कोशीय सङ्केतको सघनता पारस्परिकतामा मेल हुन पुगेको अवस्था छ । अन्त्यमा नमुना पाठ ५ मा 'मान्छे' कोशीय सघनताको नाभिकीय एकाइ हो । यस एकाइले आगामी एकाइगत सघनतामा 'मान्छे'कै सघनता वा आर्थी सहगुण सृजना गर्ने एकाइको प्राधान्य हुने सम्भावनालाई सङ्केत गरेको छ । यसैलाई पुष्टि गर्ने हेतुले मानवका प्राकृतिक गुण तथा स्वभावजन्य पक्षमा पाठ केन्द्रित गरिएको देखिन्छ । 'प्राणी', 'जीवात्मामा सर्वश्रेष्ठ', 'बालुवा निचोरेर प्यास मेटाउने', 'पसिना बर्साएर सुन फलाउने' जस्ता कोशीय सघनता तथा पारस्परिकता निर्माणका अधार सृजना भएका छन् । 'मान्छे' कै केन्द्रीयतामा आजका सम्पूर्ण नव रूप तथा नव आयाम तयार भएका कारण ती मान्छैका सहगुणी आर्थी एकाइ भएकाले मान्छेकै विशेषाधिकार प्रयोग भएको अवस्था छ ।

माथिको विमर्शका आधारमा प्रतिनिधि पाठमा प्रयोग गरिएका कोशीय एकाइको सघनता शाब्दिक परिवेश निर्माणमा केन्द्रित भएको देखिन्छ । एकाइहरूको आनुक्रमिकता रेखीय विस्तार गरेर सहगुण सृजना पनि गरिएको छ । यस्तो पारस्परिकताले आर्थी सहगुण सृजनामा खेलको भूमिका भने उपशीर्षक यस प्रकार प्रस्तुत गरिएको छ ।

**अर्थतात्त्विक सघनता**

पाठको संयुक्ति व्यवस्थामा अर्थ पहिचानको आधार भाषाको अन्तरतह (interlevel) हो । कोशीय एकाइ स्वनिमको रेखीय र सार्थक संयोजन हो तर यस्तो संयोजन आफैंमा अर्थ भने होइन । भाषिक एकाइमा रूप (form) र स्थिति (situation) को अभिन्नता प्रस्तुत गएिको हुन्छ । "यस्तो अभिन्नतामा अमूर्त अवधारणाको प्रवेश सन्दर्भ (context) हो" (बरी, सन् १९७७, पृ.४१) । सन्दर्भ पाठको संयुक्तिगत सम्बन्धमा अभिन्न अवधारणा हो, अर्थात् अर्थ भनेकै सन्दर्भ हो । सन्दर्भका संरचक क्षेत्र (field), सहभागी (tenor) र माध्यम (mode) हुन् । कुनै पनि फरक सन्दर्भ क्षेत्र, सहभागी र माध्यमका पृथक्ताको श्रेणी हो । कुनै घटकमा भएको फेरबदल नै कोशीय सङ्केतले दिने अर्थ र फरक सन्दर्भता हो । यी घटकले भाषाको अधिप्रकार्यका तहमा प्रभाव पार्ने क्षमता राखेका हुन्छन् । "सहभागीमा भएको पृथक्ताले अन्तरक्रियालाई आवश्यक स्रोतको प्रकार्य प्रदान गरेको हुन्छ । क्षेत्रमा भएको पृथक्ताले संज्ञानात्मक अधिप्रकार्यलाई स्रोतको प्रकार्य प्रदान गरेको हुन्छ । त्यसैगरी माध्यम (पद्धति) मा भएको पृथक्ताले अधिप्रकार्यलाई सङ्केतात्मक सङ्गठनको स्वरूप प्रदान गरेको हुन्छ" (इगिन्स र मार्टिन, सन् १९९७ पृ.२३९) । कुनै सङ्केतले प्रदान गर्ने अर्थ र उक्त अर्थको सहगुणयुक्त सङ्केत अपेक्षा गर्ने सन्दर्भ अन्वय गर्नमा वा हुनमा यिनै तीन घटकको परिवर्तनले भूमिका खेलेको हुन्छ । यसका श्रेणीगत मानमा आएको पृथक्ता पाठको सङ्केतात्मक अर्थतात्त्विक सघनता हो । माथिको आरेखमा क्षेत्र, सहभागी र माध्यमका सम्भावित मानको समतलीय मान तथा पाठको अर्थतात्त्विक सघनता समान भएर आएका छन् । संयुक्तिका तहमा प्रस्तुत भएको संस्कृति (सन्दर्भ) भनेकै अमूर्त अवधारणका तहमा बोध गरिएको क्षेत्र (विषयवस्तु), सहभागी (भूमिका संरचना) र माध्यम (प्रतीकात्मक सङ्गठन) को बाह्य संरचनात्मक व्यवस्था हो । भाषिक पाठ सामाजिक तथा सांस्कृतिक साझा मानको प्रतिबिम्बन भएकाले यसलाई सामाजिक सन्देशको रूपमा पनि व्याख्या गरिन्छ । त्यसैले पाठलाई सामाजिक तथा सांस्कृतिक मानवशास्त्रीय कोणबाट विश्लेषण गर्नु पर्छ (घिमिरे, २०६९, पृ.४८) । यसरी सामाजिक तथा सांस्कृतिक मानवशास्त्रीय कोणबाट गरिने सन्दर्भताको पहिचान पनि अन्ततः क्षेत्र, सहभागी र माध्यमलाई नै अन्तर्यका तहमा गरिने बोध हो । मानवले नै वरिपरिको दिक् तथा काललाई ध्वनिबिम्बको प्रयोग गरेर अवधारणाको एक व्यक्तिदेखि अर्को व्यक्तिसम्मको सञ्चार प्रस्तुत गरिरहेको हुन्छ । भाषा मानव मात्रको सृजना भएकाले कुनै पनि पाठबाट बोध गर्ने अर्थ भनेको वरपरको दिक् तथा कालको अवधारणात्मक संयोजन तथा सिलसिला हो ।

**विमर्श**

माथिका पाँच वटा नमुना पाठमध्ये पाठ १ मा कोशीय एकाइ (रूप) र स्थितिका बीचको अभिन्नता प्रस्तुत भएको छ । जेटल्याग नामक विदेशी भूमिले स्थितिगत मानमा परिवर्तनको नाभिकीय स्थान लिएको छ । यसै कारण भिसा र त्यसको प्रकार आर्थी सहगुणमा जोडिन पुगेको छ । भिसा पनि 'तेल' र 'टोपी' ले नेपाली नागरिक विदेश जाने वर्तमान सन्दर्भ तथा त्यसका पछिका कारण समाज सन्दर्भको क्षेत्र बनेको छ । क्षेत्रगत यही पृथक्ताका कारण कुन भिसा भन्ने आर्थी सहगुणलाई स्वाभाविक तुल्याइएको छ । सहभागीमा भिन्नताका कारण 'मल्टिपल' भिसा फरक भिसा हो र आफू त्यसैको आधारमा विदेशी भूमिमा पुगको स्थितिगत मान सन्दर्भ बनेको छ । क्षेत्रगत मान टोपी र तेल दुवै नभएको एवं सहभागी पनि फरक भएका करण 'मल्टिपल भिसा' भन्ने फरक भिसा लिनका निम्ति परेको कठिनाइ एवं सृजित मनोदशा पनि क्षेत्र, सहभागी अनुरूप नै पाठपरकता (कोशीय प्रस्तुति, प्रतिबिम्बन) पृथक् बनेको छ । त्यसैले पाठ १ मा क्षेत्र, सहभागी पाठीय प्रतिबिम्बनको साझा सहकार्यबाट विदेशी भूमिमा नेपाली नागरिकको मनोदशा तथा तज्जन्य दिक् प्रस्तुत भएको अवस्था छ । अधिप्रकार्यका तहमा उक्त क्षेत्रले संज्ञानात्मक प्रकार्य सम्पन्न गरेका कारण विदेशी भूमिमा नेपालीको मनोदशा, अमेरिका प्रवेश पछिको सोच र त्यसले अन्तरक्रियात्मक व्यवहारमा पारेको प्रभाव

अर्थतात्विक सघनता भई आएको छ। त्यसैगरी नमुना पाठ २ मा 'चहकिलो बल्ने टर्च' को आर्थीगुणमा समाज सन्दर्भ सापेक्ष क्रमिक परिवर्तन भएको छ। बाल्यकालमा तराईमा सर्पदंशको डरका कारण टर्चलाइटको प्रयोग भएको तर समय अन्तरालको लामो कालखण्ड पछि भूकम्पका बेला टर्चलाइट बोक्ने बानीले औचित्य पाएको आर्थी गुण विकास गरिएको छ। क्षेत्र र सहभागीमा आएको परिवर्तनका कारण संज्ञानात्मक र अन्तरवैयक्तिक अधिप्रकार्य निर्माण भएको छ। समाज सन्दर्भका सूचकका सम्भावित मानमा आएको परिवर्तनकै परिणाम स्वरूप उज्यालो चेतना, रूपान्तरणको द्योतक बनेको तथा अन्धकार शोषकको प्रतीक बन्ने आर्थीगुण सृजना गरिएको छ। यसले समाज सन्दर्भका सूचकमा भएको क्रमिक परिवर्तन तथा त्यसले आर्थी प्रकार्य सृजनामा खेलेको भूमिकालाई मूर्तता प्रदान गरिएको छ। त्यसैगरी पाठ ३ मा पत्रकार गोपालकुमार झाको सामग्रीमा टिप्पणी गर्ने सिलसिलामा गरिवमाथि राजनीतिको रोटी सेक्ने आर्थीगुणमा अलङ्ककार सृजना गरी राजनीतिबाट गरिव झिके राजनीति नै गरिव हुने सहभागीगत अन्तरवैयक्तिकता प्रस्तुत गरिएको छ। समाज सन्दर्भको सूचकमा परिवर्तन भएपछि दिमागमा विद्युतीय प्रवाह वारपार भएको छ। यसले पहिला सहभागी अन्तरसम्बद्धतमा रहेको तर पछि आत्म केन्द्रित बन्न पुगेका कारण गरिवीका बारेमा गहिरो चिन्तन विकास भएको सङ्केत गरिएको छ। यसरी गरिव नाभिकीय एकाइले आर्थी सहगुण सृजना गर्ने सिलसिलामा गरिवले गरिवीमा परेपछि सोच्ने तहले नै तिनलाई गरिव नै बनाएको हुन्छ भन्ने दार्शनिक संज्ञान सृजना गरिएको छ। यसमा क्षेत्र र सहभागीको श्रेणी क्रममा आएको परिवर्तनको परिणामलाई सघन तुल्याइएको छ। नमुना पाठ ४ मा 'मर्नु' क्रियामूलमा समाज सन्दर्भका सूचक सापेक्ष तथा श्रेणी क्रमगत प्रभाव प्रस्तुत गरिएको छ। आमाको साहचर्यमा 'मरेछ', भैंसीको साहचर्यमा 'मर्यो' र नारीको साहचर्यमा 'मरेस' आएर समाज सन्दर्भका फरकफरक क्षेत्र तथा सहभागीले आर्थी गुण सृजनामा खेलको भूमिका प्रस्तुत गरिएको छ। आर्थी सघनता प्रस्तुत गर्ने सन्दर्भमा आमाको साहचर्यमा ममता, भैंसीको साहर्चयमा आक्रोश र नारीको साहचर्यमा यौन संवेगको संज्ञान विकास भएको छ। यस प्रकारको आर्थी गुणगत पृथक्ता समाज सन्दर्भका सूचकमा आएको परिवर्तनकै परिणाम हुन्। त्यसैगरी नमुना पाठ ५ मा 'मान्छे' लाई विश्वको सर्वश्रेष्ठ प्राणीका रूपमा चिह्नित गराउने हेतुले मानवीय क्रियाकलापको उच्चता प्रस्तुत गरिएको छ। त्यस्तो उच्चताका पछाडि सङ्घर्ष र अविचलित धैर्य आवश्यक हुने भएकाले बालुवा निचोरेको तथा पसिना बर्साएको समाज सन्दर्भ प्रस्तुत गरिएको छ। यसले क्षेत्र, सहभागी र माध्यमका स्तरगत मानमा केन्द्रित गरी जे सामान्यतः असम्भव भनिएको थियो। त्यसमाथि पनि मानवले सम्भावना निर्माण गरेको संज्ञानात्मक अर्थ प्रस्तुत गरिएको छ।

सबै नमुना पाठमा सङ्केतात्मक सघनतासँगै आर्थी सघनता निर्माणका युक्ति पनि प्रयोग भएको छ। आर्थी सहगुण सृजनाका निम्ति समाज सन्दर्भका क्षेत्र, सहभागी र माध्यमका श्रेणीमानलाई स्थूल तथा चिह्नित तुल्याइएको छ।

**विधा निर्दिष्ट अर्थगत सघनता**

पाठको विधा (Genre) भन्नाले सांस्कृतिक सन्दर्भताको विशिष्ट अवस्था हो। पाठमा निवेषित अर्थ भनेको सांस्कृतिक विविधताका आयाममध्ये कुनै विशिष्ट सन्दर्भलाई सङ्केतन गरिएका प्रतीकहरूको समष्टि हो। यस्तो समष्टि सन्दर्भताका आयाम तथा ती आयम (क्षेत्र, सहभागी र माध्यम) का साझा गुणले निर्दिष्ट गर्ने विषय हो। "यो पाठको प्रकार हो र यसलाई व्यापक सन्दर्भमा सांस्कृतिक क्रियाव्यापारको प्रकार पनि भन्न सकिन्छ" (न्यौपाने, २०७९, पृ.६३६)। कुनै पनि पाठमा प्रयुक्त भएका कोशीय सङ्केत तथा तिनका साझा मानमा केन्द्रित भएको अवस्था पृथक् अर्थी संरचना बन्छ। यस्तो पृथक्ताले प्रकारगत भेद तय गरेको हुन्छ। क्रियाव्यापार के, कसको र कसरी भन्ने विषय निरपेक्ष अवधारणा होइन। त्यसैले पाठमा समाज सन्दर्भका क्षेत्र, सहभागी र माध्यम जोडिएर आएकै हुनु पर्छ।

सामाजिक सन्दर्भमा “अन्तरक्रियात्मक व्यवहारमा तुलनात्मक रूपले स्थिर प्रकार” (ढकाल, २०७५, पृ.१४) नै विधा हो । भाषाको मौखिक पाठ वा ध्वनि संरचनाको रेखीय विस्तारको अनुरूपित छापा पाठ भनेको समाजिक क्रियाव्यापारको सङ्गठनात्मक प्रतीक व्यवस्था हो । त्यसैले समाज सन्दर्भका क्षेत्र, सहभागी र माध्यमका एकाइगत मूल्य पाठमा स्थिर तथा सघन भएको अवस्था नै विधा निर्दिष्ट स्वरूप हो । माथिको आरेखमा पाठको विधा निर्दिष्ट अर्थतात्त्विक सघनता र क्षेत्र, सहभागी तथा माध्यमका एकाइगत मूल्यलाई सहगुणयुक्त समतलीय रेखामा प्रस्तुत गरिएको छ । यसको मतलव क्षेत्र, सहभागी र माध्यमले अधिक मात्रामा स्थिर मान प्राप्त गरेको तथा तिनका बीचको साझा अन्तरक्रियात्मक गुणको समष्टि अवस्था नै कुनै पनि पाठको विधा हो । सामाजिक प्रकार्यको तुलनात्मक रूपले स्थिर प्रकार हो । भाषिक पाठ विधा निर्दिष्ट हुनु पूर्व अधिप्रकार्यले भूमिका खेलेको हुन्छ । “अधिप्रकार्यका तहमा समाज सन्दर्भ भाषामा प्रस्तुत हुँदा क्षेत्र–संज्ञानात्मक, सहभागी–अन्तर्वैयक्तिक र माध्यम–पाठपरक बनेको हुन्छ । त्यसैगरी भाषा समाज सन्दर्भमा प्रस्तुत हुँदा संज्ञान–क्षेत्र, सहभागी–अन्तरवैयक्तिक र पाठ–माध्यम बनेर आएको हुन्छ” (मार्टिन र इगिन्स, सन् १९९७, पृ.२४३) । कुनै पाठको सामाजिक प्रकार्य र त्यस्तो प्रकार्यनिष्ठ भाषिक संरचनाका तहबाट नै पाठको विधा निर्धारण गरिन्छ । सन्दर्भता वा सामाजिक प्रकार्यको अलग मान पाठमा प्रस्तुत हुनु नै पाठको संयुक्तिगत विशिष्ट अर्थ हो र विधा पनि हो । यस्ता विधा अनन्त हुन्छन् किनभने भाषिक वक्ताले समाजका विविध दिक् तथा कालमा आफ्ना भाषिक अन्तरक्रिया सम्पन्न गरेको हुन्छ । मात्र फरक क्षेत्र, सहभागी र माध्यम (पद्धति) को श्रेणीमानमा भएको फेरबदल मात्र हो । सहभागी र पद्धति समान भए पनि क्षेत्र फरक भएका कारण पाठको विधा फरक हुन्छ । यो अवस्था तीनवटै घटकमा लागू हुन्छ ।

**विमर्श**

माथिका पाठमा समाज सन्दर्भ र अधिप्रकार्यका तहबाट विधा प्रारूप तयार भएको देखिन्छ । पाठ १ मा अमेरिकाको समाज सन्दर्भ तथा दिक् आएको छ । यसमा विदेशी भूमिको रीतिस्थिति, व्यवस्था, अवस्था र गविविधिलाई प्रारम्भमा नै सङ्केत गरिएको छ । त्यसैले विदेशको भागदौड, विदेशी नागरिकले लिनु पर्ने प्रवेशाज्ञा, विदेश पुगेपछिका नेपालीका सोच, हेराइ तथा दृष्टिकोण संज्ञानात्मक बनेका छन् । सहभागीका अन्तरक्रियाबाट अधिप्रकार्य तयार भएको छ । अन्तरक्रियाका सिलसिलामा सामान्यीकरण गरेर ‘तेल भिसा’ वा ‘टोपी भिसा’ कोशीय एकाइ प्रयोग गरी एकअर्का बीचको समानावस्था प्रस्तुत भएको छ । संवादात्मक पाठ संरचना प्रस्तुत गरेर यसको गद्य स्वरूप तयार भएको छ । त्यसैले पाठ १ मा कोशीय एकाइ क्षेत्र, सहभागी तथा माध्यमको संवादात्मक आन्तरिक अनुच्छेदगत स्वरूप तयार भएको छ । त्यसैगरी पाठ २ मा समाज सन्दर्भका सहभागीका उमेरगत पृथक्ता सृजना गरिएको छ । सहभागीको वयका कारण पदार्थ तथा त्यसको उपादेयतामा आएको पृथक्पन प्रस्तुत गरिएको छ । सानोमा ‘टर्चलाइट’ ग्रामीण जीवनमा हुने सम्भावित सर्पदंशको कारण थियो तर समयको लामो अन्तरालपछि भूकम्पले सृजना गरेको विद्रूपात्मक अवस्थाको स्वाभाकिता बनेको छ भने चेतनाको स्तरमा आएको परिवर्तनले ‘टर्चलाइट’ अँध्यारो र तमगुण नाशकको प्रतीक बनेर आएको छ । यसमा समाज सन्दर्भका अधिप्रकार्यका तहमा क्षेत्र डरको संज्ञान र सहभागी बालक, क्षेत्र परिस्थिति तथा स्वाभाविक आवश्यक्ता र सहभागी वयस्क तथा अन्त्यमा क्षेत्र दर्शन र सहभागी उन्नत चेतनावस्थामा पुगेको प्रस्ट पारिएको छ । यी सबै समाज सन्दर्भलाई पाठको गद्य स्वरूप तथा सामान्यीकृत पदक्रममा प्रस्तुत गरिएका कारण गद्य सङ्कथन तयार भएको छ । त्यसैगरी पाठ ३ मा पत्रकार गोपालकुमार झाको समाचारप्रति टिप्पणी सहभागीका बीचको अन्तरक्रियाका अवस्थामा आएको छ । त्यसैले अन्तरवैयक्तिक प्रकार्य छ तर लगत्तैको सन्दर्भमा सहभागीको अन्तरचेतनाको सन्दर्भ आएको छ र यो चेतना गहिरो संदृष्टि (दर्शन) का तहमा प्रवेश गरेको छ । यस बीचमा संज्ञानात्मक तह व्याङ्ग्यात्मकबाट सघन विचारको गतिमा प्रवेश गरेको छ । ‘विद्युतीय झट्काको वारपार’

को अवस्थामा सहभागीको अन्तरचेतना प्रवेश दर्शन तर्फको उन्मुखता बिन्दु हो भने यसको पुष्टीकरण ‘स्याउलाको पालीबाट झरेको पानीको थोपामा देखिएको इन्द्रेणी रङ’ ले गरेको छ। समाज सन्दर्भबाट चेतन सन्दर्भमा प्रवेश गरेका कारण पाठ ३ को संज्ञान पनि दर्शन (विचार) केन्द्री बनेको छ। पाठ ४ मा सहभागीले पूर्वकालिक सन्दर्भको प्रारम्भमा नै सङ्केत गरेको छ। त्यसैले अहिले (निकट समय) यहाँ (निकट दिक्) भन्दा पृथक् समाज सन्दर्भ पुष्टि भएको छ। यसले संज्ञानात्मक तह पनि पूर्ववर्ती हुने सम्भावना खोलेको छ। यसैको पुष्टीकरणका निम्ति ‘आमाको साहचर्यमा मरेछ’, ‘भैंसी र बुबाको साहचर्यमा मर्यो’ र ‘प्रेमिकाको साहचर्यमा मरेस्’ले समाज सन्दर्भ निर्माण गरेको छ। पहिलो साहचर्यमा ममता, दोस्रो साहचर्यमा आक्रोश र तेस्रो साहचर्यमा मनभित्रको बेचैनी संज्ञान बनेका छन्। यस्तो संज्ञानात्मक अधिप्रकार्य तय गर्नका निम्ति सहभागी क्रमशः आमा, बुबा र प्रेमिका आएका छन्। त्यसैगरी पाठ ५ मा ‘मान्छे’ कोशीय एकाइलाई आत्मालापीय तहबाट समाज सन्दर्भ प्रस्तुत गर्ने हेतुले सन्दर्भित गरिएको छ। अर्थात् सहभागीका बीचको पारस्परिकता तथा तज्जन्य संज्ञानात्मक पृथक्ता निर्माण भएको छैन। ‘मान्छे’ असम्भवको व्यतिरेकतामा आएको छ। ‘बालुवा निचोरेर पानी’, ‘पसिना बर्साएर सुन’, ‘पखेटा लगाएर विचरण’ र ‘समुद्र खोतलेर मोती’ यही असम्भवको व्यतिरेकताका पुष्टीकरण हुन्। म याने ‘मान्छे’ को परिचयात्मक सन्दर्भबाट प्रवेश गरेर असम्भवको व्यतिरेकताका तहमा प्रवेश गरेका कारण संज्ञान सघन बनेको तथा अन्तरवैयक्तिक प्रकार्य अन्तरचेतनासँग भएको अवस्था छ किनभने वाचक स्वयं मान्छेका दुर्लभ क्रियाव्यापारमा प्रवेश गरको छ। सङ्केतहरू रेखीय विन्यासमा अएका र विचारको सघनताउन्मुख भएका कारण पाठ ५ पनि विचार संवहनको मूल मर्ममा केन्द्रित गद्य बनेको छ।

## निष्कर्ष

भाषिक पाठ यादृच्छिक वाक् प्रतीकको संरचनात्मक अवस्था हो। यस्तो पाठले समाज सन्दर्भलाई सन्दर्भित गरेको हुनु पर्छ। भाषा मानवसमाजको मौलिक सृजना भएकाले भाषाद्वारा मानवका सामाजिक तथा सांस्कृतिक क्रियाकलाप अध्ययन गरिन्छ। भाषा प्रतीकात्मक सङ्केत व्यवस्था भएकाले भाषिक पाठमा पनि सङ्केतको प्रकृति, भूमिका र भूमिकाको अन्तर्यमा रहेका समाज सन्दर्भ विश्लेषण गरिन्छ। कुनै पनि पाठको संरचनात्मक सुसम्बद्धताको पहिलो आधार भनेको सङ्केतका बीचको सहभाव वा स्वाभाविकता हो। त्यसैले पाठको संयुक्तिगत सघनता प्रथमतः सङ्केतका बीचको आर्थी सहगुणमा निर्भर हुने विषय हो। यस्तो सहगुणको निर्धारण स्थितिगत मानले गर्दछ। त्यसैगरी पाठको संयुक्तिगत अर्थलाई सघन तुल्याउन सङ्केत (वाक् प्रतीक) मा सन्दर्भित गरिएको समाजको सांस्कृतिक एकरूपता वा अवधारणागत समानतामा जोड दिनु पर्छ। सङ्केतले सांस्कृतिक सन्दर्भताको समान उपचर वा प्रतिमानलाई खिचेर राखेको हुनु पर्छ। पाठको विधा निर्दिष्ट अर्थगत सघनतामा समाज सन्दर्भका सूचक (क्षेत्र, सहभागी र माध्यम) का श्रेणीगत मान एवं अवस्थाले भूमिका खेलेको हुन्छ। यी तीन मानमध्ये कुनै एकमा भएको श्रेणीगत परिवर्तनले पाठको विधा स्वरूपमा प्रभाव पारेको हुन्छ। सूचकको मानमा हेरफेर कुनै एकको मात्र नभई तीन वटैको पनि भएको हुन सक्तछ। साहित्यिक स्वरूप प्राप्त गरेका भाषिक पाठका कुनै पनि संरचनामा समाज सन्दर्भका सूचक (क्षेत्र, सहभागी र माध्यम) बाट श्राणीगत मानमा फेरबदल हुन गई सृजित बाह्य उत्पादनलाई प्रस्तुत गरिएको हुन्छ। निबन्धकार मुकुन्दराज शर्मा शब्दशिविर (२०७९) नामक कृति प्रकाशित गरी नेपाली साहित्यको गद्य लेखनमा प्रवेश गरेका स्रष्टा हुन्। सद्य प्रकाशित यस निबन्धसङ्ग्रहका पाठमा स्रष्टा बाँचेको समाज सन्दर्भ तथा त्यसका परिवर्तित आयामलाई प्रस्तुत गरिएको छ। प्रस्तुत विशर्मबाट शर्माका निबन्धमा समाज सन्दर्भलाई सङ्केतन गर्ने भाषिक सङ्केतको सघनता प्राप्त भएको छ। ती सङ्केतले नेपाली समाज सन्दर्भलाई पृथक्पृथक् क्षेत्रसहित प्रस्तुत गरेका छन्। पृथक् क्षेत्र आएका कारण संज्ञानात्मक सघनता पनि पृथक् बनेका छन्। सहभागीको भिन्नताका कारण संज्ञान क्षेत्र मूर्त

र स्पष्टतर बनेको छ । संज्ञानले दर्शन (विचार) को स्वरूप लिएर गतिशील बनेको पुष्टि भएको छ । निबन्धकार समाज सन्दर्भका सामान्यतालाई अधिप्रकार्यका तहमा प्रवेश गराई सहभागीको विशिष्टताका कोणबाट संज्ञानको विचारकेन्द्रित गति स्वाभाविक बनाउने हेतुले निर्देशित देखिन्छन् । प्राध्यापन पेसा स्रष्टाको निजी अध्यवसाय हो भने त्यस स्तरको उन्नत सचेतताले पाठको विचार सङ्गठनमा पनि प्रवेश पाएको र कोशीय सघनताको तार्किकता समेतको सन्तुलन मिलाई पाठ निर्माण भएको देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, नीर्मलमणि (२०७१). *महान् दर्शानिक कुमारिल भट्ट र भट्ट मीमांसा दर्शनको सङ्क्षिप्त परिचय*, शिवप्रसाद, शान्तिदेवी र सुशील गौतम ।

घिमिरे, वासु (२०६९). *सङ्कथन विश्लेषण : परिचय र पद्धति*, इन्टेलेक्चुयल बुक प्यालेस ।

ढकाल, दीपकप्रसाद (२०७५). “प्रयोजनपरक पाठको विधा निर्धारण”, *वाङ्मय* (१६), पृ.१३–२२ ।

ढकाल, दीपकप्रसाद (२०८०). “नङ्गेली ब्लुज कविताको सङ्कथनात्मक अर्थ” भरतकुमार भट्टराई (सम्पा.), *मौनताको काव्यिक उपासना*, शब्द–साया, पृ.३०५–३२१ ।

न्यौपाने, भुवन (२०७९). “पाठनिर्माणका युक्ति : संसक्ति र संयुक्ति”, राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), *रत्न बृहत् नेपाली समालोचना*, रत्न पुस्तक भण्डार, पृ.३३५–३५१ ।

बन्धु, चूडामणि (२०७०). *भाषाविज्ञानका सम्प्रदाय*, चौथो संस्क., एकता बुक्स डिस्टिब्युटर्स प्रा.लि. ।

बन्धु, चूडामणि (२०७३). *भाषाविज्ञान*, नवौं संस्क., साझा प्रकाशन ।

शर्मा, मुकुन्दराज (२०७९). *शब्दशिविर*, कामना न्युज पब्लिकेसन प्रा. लि. ।

Eggins, Suzanne and Maetin, J. R. (A.D.1997)."Genres and register of Discourse" *Discourse as Structure and Process*, Volume 1, London : Sage publication, p. 230–256.

Berry, Margaret (A.D.1977). *An Introduction of Systemic Linguistics Structure and System*, London : Batsford LTD.

Halliday, M.A.K and Hasan, Reqaiya (A.D.1991). *Language, Context and Text : aspect of laguage in a semiotic prespective*, oxford university press.